म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्ष:१४ अङ्क:- २४५ २०८० साउन १५ गते सोमबार 31 July 2023, Monday - पृष्ठ ४ मूल्य रू. ५/-

**जग्गा बिक्रिमा**

हेटौँडा उपमहानगरपालिका–९ गुम्बाचोक नजिकै १० (दश) धुर जग्गा र चौघडामा १०.५ (साढे दश धुर) को दुई टुक्रा घडेरी बिक्रीमा रहेकोले आवश्यक पर्ने व्यक्तिले तुरुन्त सम्पर्क गर्नु होला ।

सम्पर्क नं.
९८५१३३२३८०, ९८०११८६७०९

## हेटौँडा अस्पतालमा एकसाथ ३ वटा अल्ट्रासाउण्डबाट सेवा



समाज संवाददाता

हेटौँडाः हेटौँडा अस्पतालमा एकसाथ ३ वटा अल्ट्रासाउण्ड (भिडियो एक्सरे) मेसिन प्रयोगमा ल्याइएको छ। सेवाग्राहीको चाप बढेसँगै एकमहिनादेखि हेटौँडा अस्पतालले ३ वटा अल्ट्रासाउण्ड मेसिन सञ्चालनमा ल्याइएको हेटौँडा अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट (मेसु) डा. रामचन्द्र सापकोटाले जानकारी दिनुभएको छ । सेवाग्राहीको चापलाई व्यवस्थापन गर्न जनशक्तिको अभाव भइरहेको उहाँको भनाइ छ ।

"सेवाग्राहीको चापअनुसार अल्ट्रासाउण्ड सेवा विस्तार गर्न हेटौँडा अस्पतालका लागि ६ जना रेडियोलोजिस्ट आवश्यक हुन्छ", डा. सापकोटाले भन्नुभयो, "हामीसँग अहिले ३ जना मात्रै रेडियोलोजिस्ट छन्। एक महिनाअघि एउटा अल्ट्रासाउण्ड मेसिन थपेर सेवा थप गरेका छौं । आगामी २ महिनाभित्र एमआरआई मेसिन पनि सञ्चालनमा आउँदा रेडियोलोजिस्टको अभाव हुनेछ ।" रेडियोलोजिस्टको अभावका कारण थप नियुक्त गर्न पनि समस्या भइरहेको उहाँको भनाइ छ ।

हेटौँडा अस्पतालमा ४ वटा अल्ट्रासाउण्ड मेसिन भए पनि जनशक्तिको अभावमा ३ वटा मात्रै मेसिन प्रयोग भइरहेको छ। पेटसम्बन्धी स्वास्थ्य समस्या पहिचान गर्न र उचित उपचारका लागि अल्ट्रासाउण्ड सेवा महत्वपूर्ण रहन्छ । हेटौँडा अस्पतालमा पत्थरी र पाठेघरको समस्या लिएर अल्ट्रासाउण्ड गराउन आउने सेवाग्राहीको संख्या बढी भएको रेडियोलोजिस्ट डा. सुयोग्य वाग्लेले जानकारी दिनुभयो । अल्ट्रासाउण्ड गरेर शरीरको भित्री भागको रोग पत्ता लगाउन सहयोग पुग्ने उहाँले जानकारी दिनुभयो ।

हेटौँडा अस्पतालकै अन्य विभागबाट चिकित्सकले स्वास्थ्य परीक्षण गरेपछि अल्ट्रासाउण्ड गराउन आवश्यक विरामीलाई सिफारिस गरेर पठाइन्छ । धेरै महिलाहरु तल्लो पेट दुखेर अल्ट्रासाउण्ड गर्न आउने डा. वाग्लेले बताउनुभयो । अल्ट्रासाउण्ड गराउनेमा गर्भवती महिलाको संख्या पनि उल्लेख्य रहन्छ । हेटौँडा अस्पतालमा डा. सुयोग्य वाग्लेसँगै डा. रुपेन्द्र खड्गी र डा. संगीत कुमार साहले अल्ट्रासाउण्डको सेवा प्रदान गर्नु हुन्छ । हेटौँडा अस्पतालमा दैनिक एक सय ५० को हाराहारीमा अल्ट्रासाउण्ड गराउने विरामी हुन्छन्। स्वास्थ्य बीमा कार्यक्रमका कारण हेटौँडा अस्पतालमा सेवाग्राहीको संख्या बढेको छ भने अस्पताल बाहिरका निजी स्वास्थ्य संस्थामा अल्ट्रासाउण्ड सेवाको मूल्य बढी भएका कारण पनि अस्पतालमा सेवाग्राही बढ्दो क्रममा छ ।

## परीक्षापछि दुई साता विद्यालयमा बिदा

जमुना थिङ

हेटौँडाः हेटौँडा उपमहानगरका सामुदायिक विद्यालयमा अहिले प्रथम चौमासिक परीक्षा चलिरहेको छ। साउन ९ गतेदेखि सुरु भएको प्रथम त्रैमासिक परीक्षा पर्सी मंगलबारबाट सकिँदैछ। नगर स्तरीय शैक्षिक समन्वय समिति हेटौँडाले परीक्षाको व्यवस्थापनमा सहजीकरण गरि रहेको छ। हेटौँडा-४ स्थित भूटनदेवी माध्यमिक विद्यालयका सहायक प्रधानाध्यापक भरत पोखरेलले प्रथम त्रैमासिक परीक्षा सकिएपछि सामुदायिक विद्यालयमा पठनपाठन बन्द रहने जानकारी दिनुभयो ।

साउन १७ गते मंगलबारदेखि भदौ २ गतेसम्म पठनपाठन बन्द हुनेछ। भदौ १ गते शुक्रबार स्थानीय बिदा दिने गरी विद्यालयहरुले ३ गतेदेखि मात्र पठनपाठन सुरु गरिने उहाँको भनाई छ। पोखरेलले भन्नुभयो, "यसअघि परीक्षालाई जोड दिएका कारण लामो समयको बिदामा विद्यार्थीलाई के गर्न दिने भन्ने कार्ययोजना निर्माण भएको छैन। एक हजार ४ सय ८४ जना विद्यार्थीले प्रथम त्रैमासिक परीक्षा दिइरहेको र एकजना बिरामीका कारण परीक्षामा अनुपस्थित भएको पोखरेलले बताउनुभयो । यस्तै भूटनदेवी माध्यमिक विद्यालयका प्रधानाध्यापक माधव दाहालले लामो समयको बिदामा कक्षा-१० का विद्यार्थीका लागि पठनपाठन संचालन गरिने तयारीमा रहेको जानकारी दिनुभयो ।

यसैगरी हेटौँडा-१, चाईनाक्वाटरस्थित अमर माध्यमिक विद्यालयका प्रधानाध्यापक मालती उप्रेतीले मंगलबार परीक्षा सकिएपछि बुधबार एसईई उत्कृष्ट विद्यार्थीलाई सम्मान गरेर मात्र विद्यालय बन्द गरिने जानकारी दिनुभयो । करिव आधा महिना विद्यालय बन्द हुने र सोही समयमा कुनै पनि अतिरिक्त कक्षा संचालन नगरिने उहाँको भनाई छ । ५ सय भन्दा बढी विद्यार्थी अध्ययरत् अमर माविमा करिव ७० जना विद्यार्थी परीक्षामा अनुपस्थित रहेको बताउनुभयो । बिरामी र विभिन्न कारण देखाउँदै विद्यार्थी प्रथम त्रैमासिक परीक्षामा सहभागी नभएको उप्रेतीको धारणा छ ।

हेटौँडा-२ स्थित सिद्वार्थ माध्यमिक विद्यालयका शिक्षक सागरप्रसाद खतिवडाले बिदाको समयमा माथिल्लो कक्षाका विद्यार्थीलाई परियोजना कार्य गर्न दिएको जानकारी दिनुभयो । विषयगत रुपमा फरक-फरक कार्य हुने उहाँको भनाई छ। नेपाली विषयको हकमा भने जीवनी, कथा, पत्रपत्रिकाको समिक्षात्मक टिप्पणी गर्न आग्रह गरिएको बताउनुभयो । एक हजार ४ सय ७० जना विद्यार्थी परीक्षामा सहभागी भएका छन् । तर १/२ जना विद्यार्थी भने परीक्षामा अनुपस्थित भएको जानकारी दिनुभयो ।

कक्षा-९ मा अध्ययनरत् छात्रा सुभिना पराजुलीले परीक्षा ठिकै भइरहेको बताउनुभयो। यसअघि शिक्षकहरुले परीक्षाको तयारीलाई जोड दिनुभयो । "अब दुई हप्ता बिदा हुन्छ। बिदाको समयमा घरमा के गर्ने भन्ने विषयमा अहिले कुनै कार्ययोजना दिनुभएको छैन । पराजुलीले भन्नुभयो", परीक्षाको अन्तिम दिन शिक्षकहरुले गृहकार्य गरेर आउनु भन्नुहुन्छ कि हालसम्म पढेका विषयवस्तुलाई पढेर आउनु भन्नुहुन्छ थाहा छैन ।" यस्तै कक्षा-६ का छात्र रोजन उपाध्यायले परीक्षा राम्रो भइरहेको जानकारी दिनुभयो। अहिलेसम्म शिक्षकहरुले कुनैपनि कार्ययोजना दिनुभएको छैन । जसले गर्दा बिदाको समयमा अध्यायनलाई जोड दिने उहाँको भनाई छ ।

**Join IT Career in HCC**

Admission Open
+2
Science
Management
→ Computer Science
→ Hotel Management
→ Business Studies
Law (English)



Bachelor Program
BSc. CSIT
BCA
BBS
(T.U. Affiliated)

यस **हेटौँडा सिटी कलेजमा** **B.Sc.CSIT** कार्यक्रम अन्र्तगत दोस्रो बर्ष तेस्रो शत्र (Semester) मा अध्ययनरतछात्र **श्री दिनेश खरेलले** त्रिभुवन विश्वविद्यालयद्धारा सञ्चालित प्रथम वर्ष प्रथम शत्रको परीक्षामा **89.8 प्रतिशत (500 पुर्णाङ्कमा 449 अंक प्राप्त)** ल्याई **नेपाल प्रथम** हुन सफल हुनुभएकोमा हार्दिक बधाई तथा उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

साथै, **BSc. CSIT** र **BCA** को ११ औं समूहको (**2080 Batch**) लागि **प्रवेश परीक्षा तयारी कक्षा** (**Entrance Preparation Class**) सञ्चालन भइरहेको कुराको पनि सहर्ष जानकारी गराइन्छ ।

**हेटौँडा सिटी कलेज/जेनिथ**
सम्पर्क : 057-526660, 9855069444, 9855077417, 9855067435

## मकवानपुरमा यु-१९ फुटबल टिम छनोट सुरु




*छनोट खेलमा सहभागी खेलाडीहरु ।*

समाज संवाददाता

हेटौँडाः मकवानपुर जिल्ला फुटबल संघले आव्हान गरेको १९ वर्ष उमेर समूहको फुटबल खेलाडी छनोटमा १ सय २१ जना खेलाडी सहभागी भएका छन् । हेटौँडा-५ स्थित पिप्ले-क्याम्पा रंगशालामा संघले आइतबारदेखि छनोट सुरु गरिएको छ।

१९ वर्ष उमेर समूहको राष्ट्रिय टिम तयार पार्न अखिल नेपाल फुटबल संघ (एन्फा) ले जिल्लादेखि नै छनोटको प्रक्रिया सुरु गरेको हो । जिल्लाबाट प्रदेश हुँदै राष्ट्रिय टिम तयार पार्नेछ। यसरी छनोट हुने राष्ट्रिय टिमले साफ च्याम्पियनसीपमा सहभागिता जनाउनेछ । केही दिनअघि मात्रै एन्फाले १६ वर्ष उमेर समूहको टिम जिल्ला हुँदै प्रदेशस्तरमा छनोट गरिसकेको छ । प्रदेशस्तरीय छनोटबाट १६ वर्ष उमेर समूहमा प्रदेशस्तरीय छनोटमा मकवानपुर जिल्लाबाट १२ जना खेलाडी छानिएका छन् ।

Aim of our Institution Standard & Technical Education CTEVT CODE: 32-0462

**श्री वंशगोपाल माध्यमिक विद्यालय (प्राविधिक शिक्षालय)**
चौघडा, हेटौँडा-६, मकवानपुर

शैक्षिक सत्र २०८०/०८१ मा भर्ना खुल्यो । उत्कृष्ट नतिजा हासिल गर्नेहरूका लागि शैक्षिक सत्र २०८०/०८१ मा भर्ना खुल्यो ।

CTEVT अन्तर्गत CIVIL/GEOMATICS (SURVEY) ENGINEERING
३ वर्षे DIPLOMA तह र कक्षा-११ मा नयाँ भर्ना खुल्यो

कक्षा ११ मा – SCIENCE/ MANAGEMENT/ EDUCATION / HUMANITIES
CIVIL/GEOMATICS (SURVEY) ENGINEERING

यस शिक्षण संस्थामा
★ आधुनिक, सुदृढ र पर्याप्त भौतिक सुविधा सहितको शैक्षिक वातावरण
★ आकर्षक Science Lab/ Computer Lab/ Library र प्रविधी युक्त कक्षा
★ सक्षम, अनुभवि र उच्च शैक्षिक योग्यता भएका शिक्षक/प्रशिक्षकहरु वाट अध्यापन
★ जेहन्दार र विपन्न छात्रवृति सहित न्यून शुल्कमा स्कुल वसको सुविधा
★ अतिरिक्त क्रियाकलाप, शैक्षिक स्तरीयता र आर्थिक पारदर्शिता

We believe in action rather than speech.
☎ ९८४५०२९४४४, ९८४५४९०६०२, ९८४५५९८७०७, ९८४५७८११५६



Unlock Your Leadership Potential by Pursuing a Management Degree.

Study +2
MANAGEMENT
BUSINESS STUDIES, COMPUTER SCIENCE AND MATHEMATICS

CLASS STARTS FROM 15th SHRAWAN

HETAUDA SCHOOL OF MANAGEMENT
"कडा अनुशासन, स्तरीय शिक्षा"
For inquiry: 9855074222
ENROLL NOW

Hetauda-4, Makawanpur | info@hsm.edu.np | www.hsm.edu.np
DELIVERING TOP-NOTCH EDUCATION SINCE 1995

## सम्पादकीय

# अन्यौलले सबै हैरान

सडक डिभिजन हेटौंडाले पूर्वपश्चिम (महेन्द्र) राजमार्गको हेटौंडा-१५, रातोमाटेदेखि हेटौंडा बजारको बुद्धचोक हुँदै राप्ती पुलसम्मको सडक सीमा खाली गराउन सूचना जारी गरेपछि हेटौंडा बजार भत्कने/नभत्कने चर्चा चलिरहेको छ । सडक डिभिजनले गत असार १० गते उक्त सडकको दायाँ-बायाँ २५-२५ गजभित्रको घरटहरा तथा अन्य संरचना हटाउन ३५ दिने सूचना जारी गरेको छ । सडक डिभिजन कार्यालयले यसअघि पनि यस्ता सूचना धेरै पटक निकालेको र एक पटकमात्रै सडक सीमाभित्रको भौतिक संरचना भत्काउने प्रयास गरेको हुँदा यसपटक के हुन्छ भन्ने अन्यौलता कायमै छ । सडक डिभिजनले सूचनाको समयसीमा सकिएपछि जुनसुकै दिन, जुनसुकै ठाउँबाट सडक सीमाभित्रका घरटहरा तथा अन्य संरचना हटाउन सुरु गर्ने बताउँदै आएको छ । सडक सीमाभित्रका संरचना हटाएर सडक विस्तार गर्ने भन्दै सडक डिभिजन हेटौंडाले आवश्यक उपकरणको व्यवस्थापन भइसकेको जनाएको छ ।

विगतमा सूचना जारी गर्ने र सडक सीमाभित्रका संरचना हटाउन ठोस प्रयास नहुने गरेकाले यसपटक पनि सडक सीमाभित्रका संरचना हटाएर सडक फराकिलो हुने पूर्ण विश्वास छैन । सडक डिभिजनले प्रत्येक वर्षजस्तो सूचना निकाल्ने र सूचनाअनुसारको कार्य नगरेका कारण सडक सीमाभित्रका संरचना भत्काइने कुरामा विश्वस्त हुन सक्ने अवस्था छैन । अर्कोतर्फ, केही घरधनीले सर्वोच्च अदालतमा रिट दायर गरेको र अदालतले यही साउन १६ गते दुबै पक्षलाई छलफलका लागि बोलाएको अवस्थामा अदालतको आदेश के आउँछ भन्ने अन्यौलता पनि कायमै छ । फेरि, विगतमा जस्तै सडक सीमाभित्रका घर-जग्गा धनीले बिना मुआब्जा भत्काउन नदिने अडान लिइरहेको अवस्थामा सजिलै हटाउन सक्ने अवस्था पनि छैन । अर्कोतर्फ, सडक सीमाभित्र व्यापार व्यवसाय गरिरहेका व्यवसायीले पनि उचित क्षतिपूर्ति र विकल्पको माग गरिरहेको अवस्था छ । यस्तै, सर्वोच्च अदालतको २०७८/०९/१९ को उत्प्रेषणको आदेशमा भनिएका कुराहरु भए/नभएको भन्ने विवाद पनि कायमै छ । यी सबै अवस्थामा सहजै सडक सीमाभित्रका संरचना हटाउन सहज पक्कै हुँदैन ।

सडक डिभिजनले जारी गरेको ३५ दिने सूचनाको म्याद नजिकिँदै गर्दा व्यवसायीको नेतृत्वमा विभिन्न विरोधसभा तथा राजनीतिक दल, स्थानीय निकाय, प्रशासनलगायतमा ध्यानाकर्षण गराउने क्रम व्यापक बनिरहेको छ । मकवानपुर उद्योग वाणिज्य संघको अगुवाइमा घरधनी र व्यवसायीसमेतको संलग्नतामा विरोधका कार्यक्रमहरु भइरहेका छन् । शनिबारमात्रै पनि हेटौंडा बजारको बुद्धचोकमा व्यवसायीले सभा गरेका छन् । उक्त सभामा केही राजनीतिक नेतृत्वले समेत उचित क्षतिपूर्ति र मुआब्जा बिना सडक विस्तार गर्न नहुने धारणा व्यक्त गरेका छन् । यसअघि पनि राजनीतिक नेतृत्वले स्पष्ट अडान राख्न नसक्दा र पर्याप्त लविङ गर्न नसक्दा सडक सीमाभित्रका संरचना हटाउने अन्यौलता कायमै रहेको छ । यसपटक पनि सडक सीमाभित्रका संरचना हट्ने स्पष्ट आधारहरु देखिएका छैनन् ।

हेटौंडा बजारको मुख्य सडक रातोमाटेदेखि बुद्धचोकसम्म महेन्द्र राजमार्ग र त्रिभुवन राजपथ दुबैअन्तर्गत् पर्ने, राप्तीरोड क्षेत्र महेन्द्र राजमार्ग र बुद्धचोकदेखि चौकीटोलसम्म त्रिभुवन राजपथअन्तर्गत् पर्दछ । यस पटक सडक डिभिजनले महेन्द्र राजमार्गको रातोमाटेदेखि बुद्धचोक हुँदै राप्ती पुलसम्मका सडक सीमाभित्रका संरचनामात्र हटाउने सूचना जारी गरेकाले हेटौंडा बजार क्षेत्रको महेन्द्र राजमार्गको मात्र सडक विस्तारको लागि सडक सीमा खाली गराउन खोजेको देखिन्छ । लामो समयदेखि हेटौंडाको मुख्य सडकलाई फराकिलो पार्ने कुरा चल्दै आएको भए पनि सडक सीमाभित्रका व्यक्तिगत घर टहरा र अन्य संरचना हटाउन सकिएको छैन । यो अन्यौलताले हेटौंडा बजारको विकास र विस्तारमा समेत नकारात्मक असर परिरहेको छ । यो अन्यौलताले बजार क्षेत्रमा आधुनिक संरचना बन्न सकेको छैन । यस्तो अन्योलले घरजग्गा धनी, व्यवसायी र सबै नगरबासीमा अन्यौलता सिर्जना भइरहेकाले यसको उचित निकास आवश्यक भइसकेको छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |



## तपाईको राशिफल

पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्कः ९७४५०२८५५५

**मेष** : परोपकारजन्य काममा सरिक भइने छ ।
**वृष** : धार्मिक र सामाजिक काममा सरिक भइनेछ ।
**मिथुन** : निराशा र खिन्नता त्यागेर जिम्मेवारी बढ्ला ।
**कर्कट** : धार्मिक कृत्यमा सरिक भइने योग छ ।
**सिंह** : आफन्तको व्यवहार देखि दिक्क लाग्ने छ ।
**कन्या** : पराक्रम र प्रसिद्धिमा वृद्धि हुने योग छ ।
**तुला** : धनार्जन र वस्त्रभूषण प्राप्त योग देखिन्छ ।
**वृश्चिक** : मान सम्मान र प्रतिष्ठाको योग रहेको छ ।
**धनु** : व्यावहारिक खर्च बढ्नाले मन विचलित
**मकर** : अड्किएको र फसेको धन हात लाग्न सक्छ ।
**कुम्भ** : आफूभन्दा ठूलाको सुझावले लाभ प्राप्त होला ।
**मीन** : सामुदायिक काम र राजनीतिमा लागिएला ।

# धर्म विहिनताको विकास माने ध्वंसात्मक नियत



✍सुरेन्द्र शाक्य

हेटौंडा उपमहानगरपालिकामा हाल देखिरहेको सडक बिस्तारको द्वन्द्व एउटा निको नहुने घाउ जस्तै भैसकेको छ र यसको न्यायोचित समाधान दिन सक्ने राजनैतिक र बौद्धिक क्षमताको आभास भने सामाजिक सञ्जालमा कतै देखिएको अवस्था छैन । यसमा मलाई कुनै आश्चर्य पनि छैन ।

नेपालको दरीद्रमय नाजुक अवस्थाको ज्ञान र हृदयदेखिको महसुस मलाई ३० वर्ष पहिले नै भएको थियो । जुन बेला म अध्ययनका लागि अमेरिकाको डालस शहरको हवाई अड्डामा रात बिताउन बाध्य भएको थिएँ । त्यस रात अमेरिकी जनजीवनको पहिलो अवलोकन गरेर निकै प्रभावित भएको थिएँ। अवश्य पनि भौतिक समृद्धिमा अमेरिका त्यस समय निकै अग्रस्थानमा थियो । साथै आफ्नो देश नेपालसँग तुलमा गर्दा निकै नै मर्माहत समेत भएको अनुभव हिजो मात्रको घटना जस्तो ताजा र पीडादायक हुन्छ ।

त्यही पलबाट मैले यस्तोमा अन्तर्निहित सत्य पत्ता लगाउने आठोट गरेर जीवनको पथ नै परिमार्जित समेत गरेको थिएँ । ३० वर्षको अन्तरालमा निरन्तर स्वअध्ययन र चिन्तन-मनन् पश्चात धेरै वास्तविकता र कमिकमजोरीहरु त निश्चय नै उजागर त भएको छ । तर यस क्रममा प्राप्त ज्ञान भने व्यक्तिगत परिधी भित्र सीमित रहेको छ । समाजमा यसको प्रभाव र विस्तार गर्ने वातावरण यथास्थितिमा अनुकूल पनि छैन किनकी भैंसीलाई पुराण सुनाउने अभ्यासलाई कसैले बुद्धिमानी काम भन्दैन ।

सडक बिस्तारसम्बन्धि समाचारहरु हेर्दा पनि कुनै पनि तारिफयोग्य तर्क र वार्ताको अनुभूति हुँदैन । प्राय:जसो मानिसहरु यसलाई विकासको काम भनिरहेका छन् । सडक विभागको वक्तव्यहरु पनि कडा र मानवताहीन छन् । सही निर्णय के होला भनेरे कसैले मनन् गरेको देखिएको छैन । सही निर्णय के हुन सक्छ त जसले विकास पनि होस् तर बिनाशबाट पनि जोगियोस् । गणतन्त्र पछिको नेपालको मुख्यरोग नै विकासको नाममा विनाश नै त रहेको छ ।

हेटौंडा कसरी यसबाट जोगिन सक्छ र ? मानसिकता त सबैको एउटै छ । फराकिलो बाटो हुनु नै विकास हुनेछ, हैन त ? यसको उचित र सराहनीय समाधान खोज्ने हो भने आफ्नै समाजको जग के हो बुझ्नु पर्छ र संसार अहिले कता पुगेको छ त्यो पनि चेतनामा आउनु पर्छ। यो दुबैको समिश्रणबाट सही हल आउन सक्छ ।

पहिलो कुरामा के बुझ्नु जरुरी छ भने समाज र सृष्टी सबै धर्मको जगमा खडा रहेको हुन्छ। जब धर्मको अवहेलना हुन थाल्छ तब दुखको पहाड टुट्न थाल्छ । के हो त धर्म ? यस तर्कमा धर्मलाई सबैको हीत हुने निर्णय र कर्म मानिएको छ। धर्म भनेको हरेक व्यक्तिले कुनै कुराको निर्णय गर्दा वृहत सामाजिक भलाईलाई मध्यनजर गर्नु हो। सामाजिक प्राणी हुनुको पहिलो धर्म नै सामाजिक हीतको कार्य गर्नु हो । यो हाम्रो वैदिक ज्ञानको एक मुख्य पाटो हो । विकासको नाममा हजारौं परिवार, व्यवसायी र एउटा शहरकै उठिबास गरेर आँसु र पीडाको पोखरी माथि दशकौंसम्म मुख्य प्राचिन ऐतिहासिक शहर खण्डलाई अस्तव्यस्त र धुलाम्य बनाएर राखेर कसो चै हीत होला ? विखण्डित आत्माहरुको चित्कार सुन्ने कान छैन रहे राजनीतिक नेता, कर्मचारी र विकास प्रेमी जनमानसहरुमा। यस्तो विकास अधर्म र पापको खम्बामा बनाइएको हुनेछ र सो को फल के होला अनुमान गर्न कठीन छैन ।

सर्वजनहीतायको मन्त्रले निर्णय गर्ने भए यो ध्वंसात्मक सोचको अन्त्य हुनु जरुरी छ। विकल्पमा यस सडकखण्डलाई यहाँको बसोबास र विकासको ऐतिहासिक पक्ष मानेर सम्बर्धन र प्रबर्धन गर्नु उचित होला । त्यसपछि सडक त चाहिएकै छ। हुनु पर्छ नै, तर नयाँ परिकल्पनाका साथ अझै राम्रो र परिस्कृत हुन सक्छ । नयाँ राजमार्गमा मोटरसाइकल, साईकल, ट्र्याक्टर समेत सहज तरिकाले चल्ने ७-८ लेनको बजाउन सके अति उत्तम र नेपालमै उदाहरणीय हुन सक्नेछ ।

अहिलेको विकास हेर्ने हो भने छिमेकी देश चीनको उदाहरणलाई अग्रज मान्नु पर्छ । हामीले जस्तो जबर्जस्ति डोजर चलाएर गाउँ-गाउँमा पहिरोको चपेटामा बिनाश गरेका छैनन् तिनले । मित्र राष्ट्रहरुकै सहयोगमा नै त बनाउने हो यो सडक खण्ड त्यसैले चीनकै मोडलमा रातोमाटेदेखि नवलपुरसम्म ८ लेनको फ्लाईओभर राप्ति नदीकै बगर च्यापेर गराएमा कृषियोग्य भूमिको पनि न्यून प्रयोग हुनेछ । नदी माथिनै पिलरको संरचना बनाउन सम्भव हुनेछ। अर्को छिमेकी देश भारतमा समेत साना-साना शहरमा समेत फ्लाईओभरको माध्यमले सडक यातायातमा फड्को मारिरहेको छ ।

चीन वा रुस कुनै एकलाई यस सहयोगको प्रस्ताव गरेमा खुशीसाथ यो कार्य सम्पन्न हुन सक्ने छ र त्यो पनि छाती फुलाउन सक्ने खुशी र गर्वको खन्बामा । हिडिम्ब नगरीको चेतना पलाओस् । अहिलेसम्म त बेथितिको भण्डार नै बसेको छ यस सडक सम्बन्धी कारोबार, बिक्रि र मुआब्जा सम्बन्धमा । यसलाई बिराम दिएर मानवतामा आधारित नयाँ पाटो शुरु गर्ने प्रयास नै उचित होला । दोषीहरु कोही छन् भने जरिवाना गराउनुमा कुनै अपराध हुने छैन । तर हजारौंको बिनाशको आँसुमा हामीले कुनै खुशी र विकास देख्न खोज्यौं भने त्यो मानवीय गुणमा पर्दैन । यो सडकको परिकल्पना गरेको समय र अहिलेको परिस्थितिमा आकाश जमिनको फरक छ । बुद्धिमानीपूर्वक काम गरेमात्र समाजको हीत निश्चित हुनेछ ।

# शिक्षित जनशक्ति किन अनिकालको ढिकीजस्तो भइरहेछ ?



✍ जेपी केरुङ

एक मित्रले मलाई प्रश्न गरे– 'तपाईंले पढेर के गर्नुभयो ? न तपाईंहरूसँग प्रशस्त पैसा छ, न हातमा जागिर छ, न ठाउँ(सहर)मा बसेर केही गर्नुभएको छ, न त राम्रो लवाइखवाइ देखिन्छ । हामीले नपढे पनि विदेशमा दुःख गरेर आर्थिक र सामाजिक प्रतिष्ठा कमाएका छौं । परिवारलाई सुख-सयलमा राखेकै छौं, तपाईंहरू पढेकाले के गर्नुभएको छ ?'

यी र यस्ता कुराले आजकल मलाई खुब पिरोलिरहेको छ। दुःखसुख त पढियो, स्नातकोत्तर गर्नु चानचुने होइन, तर के ती मित्रले भनेजस्तै हो त मेरो पढाइ ? पढेर हासिल गरेको ज्ञान र सीपलाई प्रयोग नगर्ने हो भने शिक्षाको सार्थकता के ? यसमा मेरो दोष छ कि मेरो देशको शिक्षा प्रणालीको ? शिक्षित, सभ्य र सम्पन्न भएर राष्ट्रका लागि केही योगदान गर्न मैले पढें, तर म कहाँ चुकेँ वा मेरो देश कहाँ चुक्यो ? ती मित्रले भनेजस्तो शिक्षितलाई मापन गर्ने साधन नै सम्पन्नता हो भने मेरो शिक्षाले बाटो कहाँ बिराएको हो ? यस सम्बन्धमा गम्भीर बहस हुन आवश्यक छ ।

दार्शनिक हिसाबले हेर्दा शिक्षा हासिल गर्ने चेतनाका लागि, परिवर्तन र रूपान्तरणका लागि हो । व्यावहारिक हिसाबले हेर्दा शिक्षा जीविकोपार्जनका लागि सहायक हुनुपर्छ । अर्थात् पढेपछि कि जागिर खानुपर्‍यो कि शिक्षा अनुसारको कुनै उद्यममा लाग्नुपर्‍यो ।

देशमै रोजगारी, स्वरोजगारी वा वैदेशिक रोजगारी गर्न सक्ने व्यावहारिक खालको शिक्षा हुनुपर्ने हो । वा, राज्यले आवश्यक अनुसार शैक्षिक जनशक्ति उत्पादन गर्ने र ती शैक्षिक जनशक्तिलाई समुचित व्यवस्थापन गर्नुपर्ने हो । यसका लागि माटो अनुसार शिक्षा नीति बनाउने र ती शिक्षित जनशक्तिलाई उचित व्यवस्थान गर्न अनिवार्य वार्षिक क्यालेन्डर प्रकाशन गरेर लोकसेवा आयोग, शिक्षक सेवा आयोग, त्रिवि सेवा आयोग, सेना-प्रहरी लगायतमा विज्ञापन खोलिनुपर्छ । अनि मात्र शिक्षित जनशक्तिले समयमा रोजगारी पाउने सम्भावना हुन्छ। एकातिर उमेरको हद लगाउने, अर्कातिर वार्षिक क्यालेन्डरका आधारमा विज्ञापन नखोल्ने हो भने शैक्षिक बेरोजगार उत्पादन भइरहन्छन् ।

अब शिक्षा प्रणालीको कुरा गरौं । आजका विद्यालय, कलेज र विश्वविद्यालयले सैद्धान्तिक पक्षलाई मात्र जोड दिएको देखिन्छ। जतिसक्दो सर्टिफिकेटहरू संकलन गर्ने कार्यलाई प्रश्रय दिएको देखिन्छ । जबसम्म व्यावहारिक शिक्षामा जोड दिंदैनौ, तबसम्म शैक्षिक बेरोजगार पनि हट्न सक्दैन । हामीले अँगालेको शिक्षा नीति परम्परावादी, अवैज्ञानिक छ भन्दा फरक नपर्ला। हामीले भाषालाई एकअर्कामा आदान-प्रदान हुने सञ्चारको माध्यम मात्र मानेका छौं, तर विश्वमा भाषा व्यापार हो भन्ने सिद्ध भइसकेको छ । आजको दुनियाँमा शिक्षालाई सम्पन्नतासँग जोड्न सकिएन भने देशकै लागि अभिशाप सिवाय अरु केही हुन्न ।

संसारमा देखिएको नयाँ शैक्षिक दर्शन भनेको शिक्षामा प्रगतिवाद हो । यसलाई अमेरिकाले अँगालेको छ। त्यसैले यसलाई अमेरिकन शैक्षिक दर्शन पनि भनिन्छ। यो दर्शन हामीले वर्षौंदेखि भन्दै आएको वैज्ञानिक र व्यावहारिक शिक्षाभन्दा भिन्न ढंगले व्यावहारवाद (प्रागम्याटिजम्), उपकरणवाद (इन्स्ट्र्युमेन्टालिजम्), प्रयोगवाद, पुनर्संरचनावाद हुँदै प्रगतिवाद भएको पाइन्छ । यसले सत्य सधैँ परिवर्तनशील रहने दार्शनिक आधारलाई विश्वास गर्दछ र सत्य मानव निर्मित हुन्छ भन्ने कुरामा जोड दिन्छ ।

उपयोगिताको सिद्धान्त प्रयोग नै हो, यसले सामाजिक र प्रजातान्त्रिक दृष्टिकोणमा जोड दिँदै आध्यात्मिक वस्तु कल्पना मात्र हो भन्ने स्वीकार गर्छ । हामीले पढेको शिक्षा वा हासिल गरेको ज्ञानको उपयोगिता भएन भने त्यो प्रगतिवादी शिक्षा हुन सक्दैन। शैक्षिक प्रगतिवादले मानवीय क्रियाकलापमा जोड दिन्छ। मानवीय क्रियाकलाप भनेको प्रमुख आर्थिक नै हो । शिक्षित भएर पनि बेरोजगार र विपन्नतामा बाँचेको छ भने उसले प्राप्त गरेको ज्ञानको उपादेयता सकियो भन्ने अर्थ लाग्छ ।

शैक्षिक बेरोजगार देशका लागि ठूलो चुनौती हुने कुरामा दुई मत नहोला । शैक्षिक बेरोजगारहरूलाई व्यवस्थापन गर्न स्वरोजगारमा राज्यले जोड दिनुपर्छ । त्यसका लागि शैक्षिक प्रमाणपत्रका आधारमा ऋण प्रवाह गर्ने कार्यलाई सरकारले प्राथमिकतामा राख्नुपर्छ । नेपालमा व्यावहारिक वैज्ञानिक शिक्षाको राजनीतिक नारा बनाएर भाषण गरेको धेरै भइसक्यो, राजनीतिक परिवर्तन पनि भयो तर शिक्षाको नयाँ मोडल आजसम्म देख्न सकिएको छैन। वैज्ञानिक, व्यावहारिक शिक्षा हाम्रा लागि उडन्ते गफजस्ता मात्रै भएका छन्।

समय, माटोको आवश्यकता र परिस्थितिको नजरअन्दाज नगरी अनावश्यक शैक्षिक जनशक्ति मात्र उत्पादन गर्ने हो भने त्यो जनशक्ति कि पलायन हुनुपर्छ कि राज्य र समाजको अभिशाप भएर रहनुपर्ने हुन्छ ।

एक तथ्याङ्क अनुसार, हाम्रो देशका ४० प्रतिशत इन्जिनियर, ५० प्रतिशत डाक्टर, ५७ प्रतिशत पाइलट, ६० प्रतिशत नर्स बिदेसिएका छन्। उनीहरूले कमाएर देशलाई रेमिटान्स दिने एकातिर छ, यी दक्ष जनशक्तिलाई देशमै प्रयोग गर्न सकेको भए देशले दीर्घकालीन लाभ लिन सक्ने कुरा अर्कोतिर छ । शिक्षालाई श्रमसँग जोड्ने, आवश्यकताका आधारमा जनशक्ति उत्पादन गर्ने र उत्पादित जनशक्तिलाई उचित व्यवस्थापन गर्ने राज्यको नीति नहुँदा दक्ष जनशक्ति विदेश पलायन हुनुपर्ने र अन्य शैक्षिक जनशक्ति पनि अनिकालको ढिकी लडेजस्तो समाजमा अपहेलित हुनुपर्ने अवस्था छ ।

देशको विकास र समृद्धिका लागि शिक्षालाई प्राथमिकता दिनुको विकल्प छैन, तर शिक्षा वैज्ञानिक र व्यावहारिक बनाउन आवश्यक छ। आज नेपालको मलिलो माटो बाँझो छ, अर्बौंका खाद्य सामाग्री विदेशबाट आयात गर्नुपरेको छ। स्थानीय स्रोत-साधन नासिएर गइरहेका छन्, हामी परमुखी भएर बसेका छौं । वैज्ञानिक, माटो सुहाउँदो व्यावहारिक शिक्षा नीति भएको भए भने दक्ष जनशक्तिले देश छाड्नुपर्दैनथ्यो। हुन त विश्वव्यापीकरण भइरहेका बेला व्यक्तिले अवसर खोज्दै विभिन्न देश जानु सामान्य हो, राज्यसँग आफ्नै उत्पादन बढाउने नीति भने अवश्यक चाहिन्छ ।

शिक्षा क्षेत्रमा प्रयोगवादको प्रयोग यसरी हुन्छ कि शिक्षा क्रियाशील हुनुपर्छ र बालकको चाखसँग सम्बन्धित हुनुपर्छ भन्ने हो । राज्यले उत्पादन गरेका दक्ष जनशक्तिलाई व्यवस्थापन गर्न नसकेपछि शिक्षाको क्रियाशीलताको औचित्य पनि समाप्त हुने नै भयो। प्रगतिवादी शिक्षामा समस्या समाधानबाट विद्यार्थीले सिक्छन् । विद्यालयले प्रतिस्पर्धाको सट्टा सहयोगमा जोड दिनुपर्छ ।

शिक्षा र प्रजातन्त्र एक-अर्कामा सम्बन्धित छन्। मानवीय श्रेष्ठता उसको

...*बाँकी पृष्ठ ३ मा*

# प्रशासन कार्यालयमा व्यवसायीको धर्ना



समाज संवाददाता

हेटौँडाः जिल्ला प्रशासन कार्यालय मकवानपुर अगाडि निर्माण व्यवसायीले धर्ना दिएका छन्। आइतबार बिहान केन्द्रीय कार्यक्रम अनुरुप प्रशासन कार्यालय अगाडि निर्माण व्यवसायीले निर्माण सम्पन्न कामको भुक्तानी दिन माग गर्दै धर्ना दिएका हुन्।

व्यवसायीले सबै निर्माण कार्यको भुक्तानी हुनुपर्ने, नेपाल सरकारबाट जारी म्याद थपको आदेशमा संशोधन गरी सम्पूर्ण आयोजनाहरूको एकमुष्ट रूपले म्याद थप गर्न पुनः आदेश जारी गर्नुपर्ने माग राखेका छन्। अत्याधिक र अप्रत्याशित रूपले भएको मूल्यवृद्धिलाई सम्बोधन हुने गरी मूल्य समायोजन गरिनुपर्ने व्यवसायीको माग रहेको छ। रुग्ण आयोजनाहरू अन्यौलग्रस्त र बजेट नभई काम हुन नसक्ने एवम् काबु बाहिरका निर्माण कार्य सुविस्ताको आधारमा अन्त्य गर्नुपर्ने, चेक बाउन्स र बैंक ग्यारेण्टी जफत गर्ने लगायतका कारवाही रोकिनुपर्ने भन्दै धर्ना दिएका हुन्।

बीमाको प्रिमियम दरमा भएको वृद्धिलाई खारेज गरिनु पर्ने, श्रोतमा कट्टा गरेको अग्रीम आयकर र मुल्य अभिवृद्धिकरको बाँकी बक्यौता रकम समयमा राजस्व खातामा दाखिला गरिनु पर्ने, उपभोक्ता समितिबाट निर्माण कार्य गर्ने व्यवस्था खारेज गरिनु पर्ने र कानूनमा संशोधन गरिनु पर्ने भन्दै व्यवसायीहरु धर्ना बसेका हुन्।

धर्नामा व्यवसायीहरुले बैंक होल्डिङ चार्ज खारेज गर्न, सम्पूर्ण ठेक्काको एकमुष्ठ म्याद थप गर्न, अव्यवहारिक माइलस्टोन खारेज गर्न र सार्वजनिक खरिद ऐन तथा नियमावली संशोधन गर्न माग गरिएका प्लेकार्ड समेत प्रदर्शन गरेका थिए।

धर्नामा निर्माण व्यवसायी संघ मकवानपुरका कार्यवाहक अध्यक्ष सागर कटुवाल, महासचिव राजेन्द्र प्रसाद चौलागाई, कोषाध्यक्ष अनल श्रेष्ठ लगायत निर्माण व्यवसायीहरुको उपस्थिति रहेको थियो।

# दुर्घटनामा दुईजना गम्भीर घाइते

समाज संवाददाता

हेटौँडाः पूर्व-पश्चिम राजमार्गअन्तर्गत मकवानपुरको मनहरी गाउँपालिकामा मोटरसाइकल दुर्घटना हुँदा दुईजना गम्भीर घाइते भएका छन्।

आइतबार राती ८ बजेर १५ मिनेटको समयमा मनहरी-९, ज्यामिरेमा सडक छेउमा बिग्रिएर रोकी राखेको ना ५ ख ७४७२ नमबरको ट्रकको पछाडि भागमा चितवनबाट हेटौँडातर्फ आउँदै गरेको ना ५७ प २३१ नम्बरको मोटरसाइकल ठोक्किएर दुर्घटना भएको थियो। दुर्घटनामा मोटरसाइकल चालक मनहरी-९ का २२ वर्षीय शम्भु गिरी र मोटरसाइकलको पछाडि सवार २१ वर्षीय सुशील गिरी गम्भीर घाइते भएका हुन्।

घाइते दुबैलाई उपचारका लागि भरतपुरतर्फ पठाइएको मकवानपुरका प्रहरी प्रवक्ता प्रहरी नायव उपरीक्षक टेकबहादुर कार्कीले जानकारी दिनुभएको छ। दुर्घटनापछि स्थानीयले राजमार्ग अवरुद्ध गरेका छन्।

समृद्ध समाज राष्ट्रिय दैनिक
www.samriddhasamaj.com.np

## शिक्षित जनशक्ति..

क्षमताले देखाउँछ तर उसको सम्पत्तिले होइन। शिक्षामा नवीन दर्शन अँगालेका कारण आज अमेरिका विश्वको वैभवशाली देश भएको छ। उक्त प्रगतिवादी शिक्षा हामीले अँगाल्न सकेका छैनौँ, त्यसैले हाम्रो शिक्षा प्रणाली व्यावहारिक वैज्ञानिक हुन सकेको छैन। पढेर हासिल गरेका ज्ञानलाई समाज र राष्ट्रका लागि प्रयोग गर्न सकेका छैनौँ।

दक्षिण अफ्रिकी पूर्वराष्ट्रपति नेल्सन मन्डेलाले भनेका छन्– शिक्षा यस्तो हतियार हो, जसको माध्यमबाट गरिबी निर्मूल गर्न सकिन्छ। नेपालको सन्दर्भमा यसको ठीक विपरीत भइरहेको छ। शैक्षिक जनशक्तिले शारीरिक श्रम गर्नबाट डराउने 'ह्वाइट कलर जब' मात्र खोज्ने अवस्था छ। समाज र राष्ट्रको आवश्यकता अनुसार रूपान्तरण नहुने हो भने त्यो शिक्षित जनशक्ति देशका लागि निकै ठूलो भार बन्नेछ र राष्ट्रका लागि चुनौती बनेर रहनेछ। त्यसैले वैज्ञानिक र व्यावहारिक शिक्षा अब बहस मात्र होइन, जीवन पद्धतिका रूपमा अँगाल्न आवश्यक छ।

(स्रोतः रातोपाटी)

गुणस्तरीय अनि विश्वसनीय प्रयोगशाला
QRL (Qualified Reference Lab)

हामीकहाँ थाइराइड, बायप्सी, रुटिन टेस्ट, भिटामिन जाँच, क्यान्सर मार्करलगायत प्रयोगशाला सेवा रहेका छन्। हरेक महिनाको अन्तिम शनिबार थाइराइड परीक्षणमा ५० प्रतिशत छुट, फास्टिङ तथा पीपीमा सुगर टेस्ट फ्रि।



सम्पर्क ०५७-५९०९७७
QRL (Qualified Reference Lab)
हेटौँडा-१, ब्लडबैंकअगाडि




हेटौंडा रिफरेन्स ल्यावरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ।
(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्यावरोटरी
हेटौंडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७

स्वादिष्ट नेवारी खाजा




अब


होटल बासुकला (फास्टफुड) मा

- स्वादका पारखीको विश्वास जित्दै २५ बर्षदेखि निरन्तर सेवामा समर्पित स्वादिष्ट नेवारी खाजा घरमा स्वागत गर्दछौं।
- नेवारी खाजा सेट, म:म, चाउमिन, बारा, योमरी लगायतका खाजा खान हार्दिक स्वागत गर्दछौं।

होम डेलिभरीको पनि सुविधा रहेको जानकारी गराउँदछौं।
०५७-५२६०१३

## निःशूल्क सीप सिकौं आत्मनिर्भर बनौं

फोन नं.: ०५७–४१२७१६, ०१७–४१२७२४

बागमती प्रदेश सरकार
### सामाजिक विकास मन्त्रालय
### व्यावसायिक तथा सीप विकास तालिम केन्द्र
हेटौँडा, नेपाल
(प्रथम पटक प्रकाशित मिति २०८०/०४/०७ गते)

## सीप विकास तलीम सञ्चालनको लागी दरखास्त आह्वान सम्बन्धी सूचना

बागमती प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय अन्तर्गत व्यावसायिक तथा सीप विकास तालिम केन्द्र, हेटौँडा, नेपालद्वारा यस आ.व. २०८०/०८१ को २०८० साउन महिना देखि संचालन गरिने देहाय अनुसारका सीप विकास तालिमहरु संचालन गर्न/गराउन ईच्छुक स्थानीय तह/निकाय, गैर नाफामुलक, गैरसरकारी सामुदायिक संघ सस्थाहरुले प्रस्ताव फाराम र व्यक्तिगत आवेदकहरुले आवेदन फारम भरी बुझाउन यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र यस केन्द्रमा पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। प्रशिक्षार्थीहरुवाट तालिम वापत कुनै शुल्क लिइने छैन र तालिम संचालनको लागी त्तालिम सामाग्री, मेसिनरी औजार उपकरण, खाजा खर्च तथा प्रशिक्षक वाहेक थप सुबिधा दिइनै छैन।

**१. व्यावसायिक तथा सीप बिकास तालिम केन्द्र, हेटौंडा- ८ कमानेमा संचालन हुने तालिमहरू:**

| सि.नं. | तालिमको विषय | तालिमको अवधि | संख्या | न्यूनतम शैक्षिक योग्यता | तालिम संचालन हुने स्थान | अन्तरवार्ता मिति | आवेदन फाराम पाईने स्थान |
|---|---|---|---|---|---|---|---|
| १. | कम्प्युटर सफ्टवेयर | ६ महिने/७३० कार्य घण्टा | २० | SLC/SEE उतीर्ण | केन्द्रको तालिम भवन कमाने | २०८०/०४/२२ गते बिहान ११ बजे देखी | व्यावसायिक तथा सीप विकास तालिम केन्द्र, हेटौँडा, नेपालमा पाइने वा यस केन्द्रको वेब साईट www.vsdtchetauda.bagmati.gov.np बाट फर्म डाउनलोड गर्न सकिने छ। |
| २. | जनरल मेकानिक्स | ६ महिने/७३० कार्य घण्टा | १० | ८ कक्षा उतीर्ण | केन्द्रको तालिम भवन कमाने | २०८०/०४/२२ गते बिहान ११ बजे देखी | |
| ३. | केश श्रृंगार तथा सौन्दर्य बेसिक | ३ महिने/३९० कार्य घण्टा | २० | ८ कक्षा उतीर्ण | केन्द्रको तालिम भवन कमाने | २०८०/०४/२६ गते बिहान ११ बजे देखी | |
| ४. | सिलाई कटाई बेसिक | ३ महिने/३९० कार्य घण्टा | ४० | ८ कक्षा उतीर्ण | केन्द्रको तालिम भवन कमाने | २०८०/०४/२५ गते बिहान ११ बजे देखी | |
| ५. | विद्युत जडान | ३ महिने/३९० कार्य घण्टा | १५ | ८ कक्षा उतीर्ण | केन्द्रको तालिम भवन कमाने | २०८०/०४/२८ गते बिहान ११ बजे देखी | |
| ६. | प्लम्बिङ्ग | ३ महिने/३९० कार्य घण्टा | १५ | ८ कक्षा उतीर्ण | केन्द्रको तालिम भवन कमाने | २०८०/०४/२९ गते बिहान ११ बजे देखी | |
| ७. | ईलेक्ट्रोनिक्स मर्मत | ३ महिने/३९० कार्य घण्टा | १५ | १० कक्षा उतीर्ण | केन्द्रको तालिम भवन कमाने | २०८०/०४/२९ गते बिहान ११ बजे देखी | |

**तालिम लिन ईच्छुक उम्मेदवारहरुले पालना गर्नुपर्ने शर्तहरु:**

१. प्रशिक्षार्थी आवेदन फाराममा हालसालै खिचेको पासपोर्ट साइजको फोटो टाँसी नेपाली नागरिकता र शैक्षिक योग्यताको प्रमाणपत्रहरुको प्रतिलिपि राखी २०८०/०४/२१ गते (सो दिन बिदा परेमा भोलिपल्ट) सम्म केन्द्रमा पेश गर्नुपर्नेछ वा यस केन्द्रको ईमेल (www.vsdtchetauda.bagmati.gov.np) मा पठाउनु पर्नेछ। तालिमको अन्तरवार्ताका लागी तोकिएको मितिमा व्यावसायिक तथा सीप विकास तालिम केन्द्र, हेटौँडा–८, कमाने मकवानपुरमा आफ्नो सक्कल कागजात सहित उपस्थित हुनुपर्ने छ।
२. तालिममा छनौट भएका उम्मेदवारहरुको तालिम संचालन मिति नतिजा प्रकाशनको दिन तोकिने छ।
३. तालिममा गरिब, विपन्न, दलित महिला, पिछडिएको वर्ग समुदाय, अपाङ्ग, जनआन्दोलनमा घाईति शहिद परिवार तथा एकल महिलालाई प्राथमिकता दिईनेछ।
४. तालिम लिन ईच्छुक उम्मेदवारहरु शारिरीक र मानसिक रुपमा स्वास्थ्य र उमेर १६ वर्ष पुगी ४० वर्ष ननाघेको हुनुपर्नेछ। प्रशिक्षार्थीको छनौट अन्तरर्वाताबाट गरिनेछ। एक समुहमा औसत १५–२५ जना प्रशिक्षार्थीहरुलाई सहभागी गराईनेछ।

**२. स्थानीय तह/निकाय, गैर नाफामुलक, गैरसरकारी सामूदायिक संघ सस्थाहरुसँगको सहकार्यमा संचालन गरिने तालिमहरु:**

| | तालिमको विषय | तालिमको अवधि | संख्या | न्यूनतम शैक्षिक योग्यता | प्रस्ताव फाराम पाईने स्थान |
|---|---|---|---|---|---|
| १. | केश श्रृंगार तथा सौन्दर्य | बेसिक ३ महिने/३९० कार्य घण्टा | २० | ८ कक्षा उतीर्ण | व्यावसायिक तथा सीप विकास तालिम केन्द्र, हेटौँडा, नेपाल। |
| २. | वेत बाँस हस्तकला | ३ महिने/३९० कार्य घण्टा | १५ | ६ कक्षा उतिर्ण | |

**तालीम सञ्चालन गर्न ईच्छुक निकाय वा संघसंस्थाहरुले पालना गर्नुपर्ने शर्तहरु:**

१. संघ संस्याहरुले दर्ता प्रमाण पत्र, अध्यावधिक नवीकरणको प्रमाण, समाज कल्याण परिषदमा आवद्धताको प्रमाण, पान नं., मु.अ.क.दर्ता, स्वीकृत विधानको प्रतिलिपि संलग्न राखी संस्थाको आधिकारिक पदाधिकारीबाट लिखित अनुरोध पत्र सहित तोकिएको प्रस्ताव फाराम शुल्क रु. २००/- तिरी यस व्यावसायिक तथा सीप विकास तालिम केन्त्र, हेटौँडाबाट प्राप्त गर्न सकिने छ। सो प्रस्ताव फारम मिति २०८०/०४/२१ गते सम्म (सो दिन विदा परेमा भोलिपल्ट) कार्यालय समय भित्र प्रस्ताव फाराम बुझाई सक्नु पर्ने छ। आवश्यक कागजातको प्रतिलिपी बेगर प्रस्ताव फाराम खरिद गर्न र बुझाउन पाइने छैन।
२. तालिम सञ्चालन गर्न योग्य भई छनौट भएका संघमस्थामा हेटौडा तालिम केन्द्रबाट तालिम समापन भएपछि फिर्ता हुने गरी तालिम सामग्री, तालिम उपकरण र सम्बन्धित विषयको प्रशिक्षक पठाइने छ। तालिम सञ्चालनका लागि आवश्यक थप व्यवस्थापन एवम् तालिम कक्ष लगायतका सुविधा संघसस्थाहरुले नै निःशूल्क उपलब्ध गराउनुपर्नेछ। प्रशिक्षर्थीहरुसँग कुनै शुल्क लिन पाइने छैन।
३. तालिम केन्द्र र छनौट भएका तालिम प्रदायक संघसस्थाहरुमा सचालन हुने तालिमहरु ३ महिने/३९० कार्य घण्टा र ६ महिने/७३० कार्य घण्टा तालिमको हकमा दैनिक औसत ५–६ घण्टा तालिम सञ्चालन गर्नुपर्नेछ।

देवराज चौलागाई
केन्द्र प्रमुख

